# हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.स. २०८०/०८१
सू.न. ४३

## आन्तरिक कर ढुङ्गा, गिटी, बालुवा उत्खनन तथा बिक्री सम्बन्धी कार्यहरुको सिलबन्दी बोलपत्र आह्वानको सूचना
*(तेस्रो पटक सूचना प्रकाशित मिति २०८०/११/१०)*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) को खण्ड घ को (६) मा भएको व्यवस्था र गाउँपालिकाको स्वीकृत आ.ई.ई. प्रतिवेदन बमोजिम आ.व.२०८०/०८१ को लागि आन्तरिक कर संकलन गर्न देहायका उल्लेखित स्थानहरुबाट ढुङ्गा, गिटी, बालुवा, चिप्स आदि उत्खनन संकलन र जिल्ला भित्र तथा बाहिर निकासी गर्न कर उठाउनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा स्वीकृत खोला तथा नदीहरुबाट स्वीकृत परिमाण भन्दा वढी उत्खनन नहुने गरी ठेक्का लिन इच्छुक इजाजत प्राप्त फर्म/संस्थाले छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै बोलपत्र पेश गर्न तपसिल बमोजिमको शर्तहरुको अधीनमा रहि रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र फर्म/संस्थाले चालु आ.व.२०८०/०८१ सम्मको नवीकरण भएको इजाजत पत्रको प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र सिटिजन्स बैंक ईन्टरनेशनल लि., झनभझने, सिन्धुलीमा रहेको आन्तरिक राजश्व खाता नं ०७३०१०००००००१२०२ मा ठेक्का फर्म बापत तोकिएको रकमको सक्कलै बैंक भौचर (फिर्ता नहुने गरी) वा कार्यालयबाट नगद बुझिलिएको नगदी रसिद सहित कार्यालय समय भित्र छुट्टा छुट्टै फर्मको निवेदनबाट सिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. बोलपत्र फारम खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाँप लागेको बोलपत्र फारम सूचना प्रकाशन भएको मितिले १५औं दिन (मिति २०८० फागुन २४ गते) सम्ममा कार्यालय समयभित्र खरिद गरि १६औं दिन (मिति २०८० फागुन २५ गते) को १२:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । उक्त बोलपत्र फारम १६औं दिनको २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजहरुको अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाँधा पर्ने छैन।

३. बोलपत्र फारम खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. ठेक्का लिन इच्छुक फर्म/संस्थाले कबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नुपर्नेछ । धरौटी बापतको रकम सिटिजन्स बैंक ईन्टरनेशनल लि., झनझने, सिन्धुलीमा रहेको धरौटी खाता नं ०७३०१००००००२३२०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नुपर्नेछ ।

सीताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत
११/१०

Email: hariharpurgadhi@gmail.com

For More Info :

# हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## झनझने, सिन्धुली
## बागमती प्रदेश, नेपाल

प.स. २०८०/०८१

सू.न. ४३

५. कबोल रकम उल्लेख गर्दा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको ठाउँमा सिलबन्दी बोलपत्रदाताको स्पष्टसँग सहीछाप भएको हुनुपर्नेछ ।

६. ढुङ्गा, गिटी, बालुवा, चिप्स आदि उत्खनन तथा संकलन गर्न र तोकिएको स्थानमा घाटगद्धी तथा नापजाँच गरी लैजाने व्यवस्था कार्यालयको निर्देशन बमोजिम हुनेछ ।

७. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोडन पाउने छैन । बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल उपर हुन बाँकी रकममा नियमानुसारको व्याज जोडी असुल उपर गरिनेछ ।

८. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी बोलपत्र फारम स्वीकार गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

९. सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको बोलपत्र फारम उपर कुनै कारवाही गरिने छैन । यस सूचनामा उल्लेखित शर्तहरु यस ठेक्का प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

१०. थप जानकारीको लागि कार्यालयमा सर्म्पक राख्न सक्नुहुनेछ ।

११. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. माथि उल्लेखित बाहेक अन्य विषयहरु गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

<u>ठेक्काको विवरण</u>

| ठेक्का नं. | ठेक्काको क्षेत्र | संकलन र बिक्री गर्न पाउने अधिकतम परिमाण (वार्षिक घ.मि.) | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट र कर बाहेक) | ठेक्का फारम शुल्क रु. |
|---|---|---|---|---|
| ७/०८०/०८१ | हरिहरपुरगढी गाउँपालिकाको मरिण खोला र बागमती खोला बगर दोभान क्षेत्र खोलाको आसपासका ढुङ्गा, गिट्टी, बालुवा, चिप्स आदी | ४७४०.५७ | १५०७५०१/- | ३०००/- |
| ८/०८०/०८१ | हरिहरपुरगढी गाउँपालिका वडा नं. ६ क्यानखोला र बागमती खोला दोभान, हरिहरपुरगढी गाउँपालिका वडा नं. ७ पन्थचौडी, हरिहरपुरगढी गाउँपालिका वडा नं. ८ पान्तले, हरिहरपुरगढी गाउँपालिका वडा नं. ६ ढप्सार र हरिहरपुरगढी गाउँपालिका वडा नं. ६ राँगेदोभान | २७५८.२८ | ८७७१३३/- | १०००/- |

रामराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत
११।१०

Email: hariharpurgadhi@gmail.com

For More Info :